बेनीघाट रोराङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७८/०७९

मिति: २०७८।०८।२२

चलानी नं. :- 1200

## समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम(सि.वि.आर कार्यक्रम )सञ्चालन गर्न इच्छुक गैर सरकारी संस्थाहरुसंग कार्य गर्न प्रस्ताव आह्वान सम्बन्धी सूचना :

प्रस्तुत विषयमा यस बेनीघाटरोराङ गाउँपालिकामा (सि.वि.आर कार्यक्रम )व्यवस्थापन तथा अनुगमन समितिको मिति २०७८।०८।२० गते बसेको बैठकले यस गाउँपालिका भित्र आ.व. २०७८/०७९ मा समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम(सि.वि.आर )सञ्चालन गर्न अपाङ्गताको क्षेत्रमा कार्यरत इच्छुक गैर सरकारी संस्थाहरु संगको साझेदारीमा कार्यकम सञ्चालन गर्ने निर्णय भए बमोजिम अपाङ्गताको क्षेत्रमा काम गर्ने यस गाउँपालिका वा धादिङ् जिल्ला भित्रका इच्छुक गैरसरकारी संस्थाहरुले तपशिलमा उल्लेखित कागजपत्र र दस्तावेजहरु सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्ने गरि यो सूचना प्रकाशित गरिएको छ। संस्था छानौटका आधारहरु यसै सूचनामा उल्लेख गरिएको छ।

**कार्यक्रम सञ्चालन गर्ने क्षेत्रहरु :**

- अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानुनमा व्यवस्था भएका विभिन्न सेवा, सुविधा,अवसर वारे जानकारी दिने र सेवाएवं अवसर प्राप्त गर्न मद्धत गर्ने,
- स्थानिय तहमा तालिम सञ्चालन गर्दा स्थानिय शिक्षक, बुद्धिजिवि, समाजसेवि, स्वमसेवक लगायत सरोकारवालाहरु सँग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्बन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारक ।विषयहरु समाहित गर्न समन्वय गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेवा परामर्श,पूर्व तयारी कक्षा सचांलन समाहित शिक्षा विशेष शिक्षा तालिम(रोजगार र व्यवसायिक तालिम) स्वास्थ्यपोचार सेवा स्याहार र रेखदेख गराउन मद्धत गर्ने गराउने ,
- अपाङ्गता भएका व्यक्तिहरुको परिवार स्थानिय निकायका पदाधिकारी तथा समुदायका लागि अपाङ्गपन निरोध न्यूनिकरण एवंम उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम कार्यक्रम गोष्ठी सभा अर्न्तक्रिया सञ्चालन गर्ने गराउने।

**संस्था छनौटका आधारहरु :**

**ग. भौतिकपूर्वधारको अवस्था:**

- कार्यालयको आफनै भवन कम्पाउण्ड समेत,कार्यालय कोठा मात्र टेलिफोन,फर्निचर कम्प्युटर आदि।
- सँस्थाको आर्थिक तथा प्रशासनिक नियमावलि।

**ख. छनौट प्रक्रियामा संस्थाले दरखास्तसंगै बुझाउनु पर्ने कागजपत्रहरु :**

- अपाङ्गताको क्षेत्रमाकाम गरेको अनुभव सम्बन्धीकागजात,
- संस्थाननविकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलिको छाँया कपि ,
- समाजकल्याण परिषदको आवद्धता प्रमाणपत्र,वा सम्बन्धित गाउँपालिकामा दर्ता भएको प्रमाण पत्र,
- संस्थाको भौतिक पूर्वाधार दर्शाउने कागजात,
- संस्थामा कार्यरत तलवि कर्मचारीको संख्या।
- गत आर्थिक वर्षको प्रगति प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन
- **नोट: यस गाउँपालिका भित्र स्थापित संस्थाहरुलाई पहिलो प्राथमिकता दिइनेछ।**

मा। ०७८।०८।२२

लक्ष्मण प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत